**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- **भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा चुनावका लागि १९ उम्मेदवारहरूको अर्को सूची जारी गरेको छ।**

- **कलकत्ता उच्च न्यायालय को एक संयुक्त पीठले निर्वाचन आयोगलाई आगामी पश्चिम बङ्गाल विधानसभा चुनावका लागि सबै मतदान केन्द्रहरूमा पर्याप्त सुरक्षा व्यवस्थाका साथै मतदाताहरु को लागी पिउने पानी र अन्य आधारभूत सुविधाहरूको व्यवस्था गर्न निर्देश दिएको छ।**

- **पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीको अभिव्यक्तिप्रति केन्द्रीय शिक्षा राज्यमन्त्री सुकान्त मजुमदारले प्रतिक्रिया व्यक्त गर्नुभएको छ।**

- **दार्जिलिङका सांसद राजु विष्टले पहाडका तीनैवटा आसनमा भाजपा उम्मेदवारहरुले सजिलै जित्ने बताउनुभएको छ।**

- **मौसम विभागले शुक्रबारदेखि राज्यमा मेघगर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ**

**भारतीय जनता पार्टी - पश्चिम बंगाल विधानसभा - सूची जारी**

भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा चुनावका लागि १९ उम्मेदवारहरूको अर्को सूची जारी गरेको छ। रथिन्द्रनाथ बोसलाई कुचबिहार-दक्षिणबाट उम्मेदवार बनाइएको छ। डाक्टर शंकर गुछेतलाई मेदिनीपुरबाट, बिप्लब मण्डललाई हावडा-मध्यबाट र रत्ना देबनाथलाई पानीहाटी विधानसभा क्षेत्रबाट उम्मेदवार बनाइएको छ।

**कलकत्ता उच्च न्यायालय - पश्चिम बंगाल विधानसभा चुनाव**

कलकत्ता उच्च न्यायालय को एक संयुक्त पीठले आज निर्वाचन आयोगलाई आगामी पश्चिम बङ्गाल विधानसभा चुनावका लागि सबै मतदान केन्द्रहरूमा पर्याप्त सुरक्षा व्यवस्थाका साथै मतदाताहरूका लागि पर्याप्त सुरक्षा व्यवस्था, पिउने पानी र अन्य आधारभूत सुविधाहरूको व्यवस्था गर्न निर्देश दिएको छ। मुख्य न्यायाधीश सुजय पल र न्यायाधीश पार्थ सारथी सेनको संयुक्त पीठले पश्चिम बंगालका भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष तथा राज्यसभा सदस्य शमिक भट्टाचार्यले दर्ता गरेको जनहित याचिकाको सुनुवाई गर्दै यस्तो निर्देश दिएको हो। याचिकामा आगामी चुनावमा एक सय प्रतिशत बुथ-स्तरीय सुरक्षा सुनिश्चित गर्न माग गरिएको थियो। तर, न्यायालयले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी केन्द्रीय एजेन्सीलाई दिने वा राज्यको निकायलाई दिने भन्ने निर्णय गर्ने अधिकार याचिकाकर्तालाई नभएको स्पष्ट पारेको छ। यस सम्बन्धमा अन्तिम निर्णय निर्वाचन आयोगले गर्नेछ। न्यायालयले मतदान केन्द्रमा आउने मतदाताले पिउने पानी जस्ता आधारभूत सुविधा पाऊन् र त्यहाँ पर्याप्त सुरक्षा व्यवस्था गरियोस् भन्ने सुनिश्चित गर्न चाहेको बताएको छ। सुनुवाइका क्रममा न्यायालयले स्वतन्त्र, निष्पक्ष र हिंसारहित चुनाउ गराउने जिम्मेवारी निर्वाचन आयोगको मात्र होइन, राज्य सरकारको पनि हो भन्ने प्रश्न उठाएको छ। २९४ सदस्यीय पश्चिम बंगाल विधानसभाका लागि दुई चरणमा २३ अप्रेल र २९ अप्रेलमा मतदान हुँदैछ। पहिलो चरणमा १५२ र दोस्रो चरणमा १४२ सिटमा मतदान हुँदैछ। निर्वाचन

आयोगले हालै कर्मचारी र पुलिस अधिकारीहरूको सरुवा र प्रतिनियुक्ति आदेशलाई चुनौती दिँदै दर्ता गरेको अर्को जनहित याचिकाको पनि सोही पीठमा सुनुवाइ हुने भएको छ।

**निर्वाचन आयोग- प्रशिक्षण**

निर्वाचन आयोगले हिज आगामी पश्चिम बङ्गाल विधान सभा निर्वाचनका लागि सबै २९४ निर्वाचन अधिकरीहरूका लागि एक व्यापक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्यो। प्रशिक्षण महकुमाको जलपाइगुडी, मालदा, प्रेसिडेन्सी, बर्दवान र मेदिनीपुरमा एकैसाथ सञ्चालन भएको थियो। यो कार्यक्रम स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन सुनिश्चित गर्न तयारीलाई बलियो बनाउन केन्द्रित थियो। प्रशिक्षणका क्रममा राष्ट्रिय स्तरका मास्टर ट्रेनर र आयोगका वरिष्ठ अधिकारीहरूले निर्वाचन प्रबन्धनका सबै महत्वपूर्ण पक्षहरूका बारेमा निर्वाचन अधिकरीहरूलाई जानकारी गराएका थिए। जसमा नामांकन प्रक्रिया, नामाङ्कन जाँच, योग्यता र अयोग्यता सम्बन्धी व्यवस्था, आदर्श आचारसंहिता लागू गर्ने, उम्मेदवारी फिर्ता लिने, चुनाव चिन्हको आवन्टन मतदानको दिनको व्यवस्था र मतगणना समावेश थियो। आयोगले पारदर्शिताका उपायहरूमा विशेष जोड दिएको बताएको छ।

**पश्चिम बंगालकी मुख्यमन्त्री -शिक्षा राज्यमन्त्री**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीको अभिव्यक्तिप्रति केन्द्रीय शिक्षा राज्यमन्त्री सुकान्त मजुमदारले प्रतिक्रिया व्यक्त गर्नुभएको छ l श्री मजुमदारले सोशल मिडिया प्लेटफर्म 'एक्स' मा उत्तर बंगालको मायानागुडीमा एक सार्वजनिक बैठकको क्रममा मुख्यमन्त्री ममता ब्यनार्जीले तृणमूल कांग्रेसका उम्मेदवारसँग मञ्च साझा गर्दै भाजपा कार्यकर्ताहरू विरुद्ध आपत्तिजनक र धम्कीपूर्ण टिप्पणी गरेको आरोप लगाउनुभएको छ। श्री मजुमदार अनुसार ,मुख्यमन्त्री ममता ब्यनार्जीले चुनाव परिणामपछि राज्यका भाजपा कार्यकर्ताले भाजपाको होइन भन्ने प्लेकार्ड बोकेर बस्नुपर्ने बताएका थिए । भारतीय निर्वाचन आयोगलाई यस विषयमा तत्काल संज्ञान लिन माग गर्नुहुदै श्री मजुमदारले आदर्श आचारसंहिता लागू भए पनि यस्ता टिप्पणीहरू लोकतान्त्रिक मूल्यहरूको उल्लङ्घन भएको र निष्पक्ष निर्वाचन सुनिश्चित गर्न कठोर कदम चाल्न आवश्यक रहेको बताउनु भएको छ l

**पश्चिम बंगाल - मतदाता सूची**

पश्चिम बङ्गालमा, मतदाता सूचीको बिशेष गहन पुनारिक्षण प्रक्रियामा समीक्षाधीन लगभग ६० लाख नामहरु मध्ये लगभग ३२ लाख मामिलाहरुको समाधान गरिसकिएका छन् l मुख्य निर्वाचन अधिकारी को कार्यालयका अनुसार, यीमध्ये लगभग ४० प्रतिशत नाम हटाइसकेका छन्। सोमबार पहिलो पूरक सूची प्रकाशित भएको थियो, जसमा लगभग १० लाख मतदाता समावेश थिए। त्यतिबेलासम्म लगभग २९ लाख मुद्दाहरुको समाधान भइसकेका थिए। यस सूचीमा ई–हस्ताक्षर प्रक्रियाबाट स्वीकृत भएका नामहरू मात्र प्रकाशित गरिएको थियोl

**दार्जीलिंग सांसद राजु बिस्ट**

दार्जिलिङका सांसद राजु विष्टले यसपाली खरसाङकै भूमिपुत्र सोनाम लामाले टिकट पाएको र उनी भाजपाको मात्र नभई सबै गठबन्धन दलकहरुका उम्मेदवार रहेको र सम्पूर्ण गोर्खाहरुको भावी विधायक रहेको बताउनु भएको छ। खरसाङमा भाजपाको चुनावी सभालाई सम्बोधन गर्नुहुदै सांसद बिस्टले बिश्वास व्यक्त गर्दै भन्नुभयो यसपाली पहाडका तीनैवटा आसनमा भाजपा उम्मेदवारहरुले सजिलै जित्नेछ। उहाले भन्नुभयो -यसपाली गोर्खाहरुको इतिहास लेखिँदछ, पहाडका तीनवटा र तराई डुवर्सका गरेर जम्मा 5 जना गोर्खा विधायकहरु पश्चिम बंगालको विधानसभामा जानेछन्। गोर्खाहरुले पहिलोपटक यस्तो इतिहास लेख्नेछन्।' सांसद राजु विष्टले यो पटक आगामी छ महिना भित्र पहाड तराई डुवर्सको स्थायी राजनीतिक समाधान हुने दाबी बताउनु भएको छ

**भाजपा -खर्सांग -कार्यालय -उद्घाटन**

भारतीय जनता पार्टीका खरसाङ विधानसभा समष्टिका उम्मेद्वार सोनाम लामाको पक्षमा आज खरसाङमा चुनाव कार्यालयको  उदघाटन गरिएको छ। खरसाङको धोबीखोला क्षेत्रमा उक्त कार्यालयको  उदघाटन दार्जिलिङका सांसद राजु विष्ट,भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा, खरसाङको भाजपा उम्मेदवार सोनाम लामा आदिको बाहुलीबाट विधिवत् गरियो ।  चुनाव कार्यालय उदघाटनमा  सांसद राजु विष्ट सहित उम्मेदवार सोनाम लामा लगायत भाजपाका अन्य  पदाधिकारीहरु उपस्थित थिए। उक्त कार्यालय उदघाटन कार्यक्रममा भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले सम्बोधन गर्नुभयो I उक्त चुनावी कार्यालय उदघाटन कार्यक्रमपछि उम्मेदवार सोनाम लामाको पक्षमा खरसाङको धोबीखोला क्षेत्रदेखि पथयात्रा आयोजना गर्दै खरसाङको मोटर स्ट्याण्ड हुँदै हिर्ट कार्ट रोड भएर सभा स्थलसम्म पुगेका थिए । संसद राजु बिस्टले चुनाउ अभियानलाई सम्बोधन गर्नुहुदै चिया बगान-सिंकोना बगानका  श्रमिकहरू, वन बस्ती, र डीआई फण्ड भूमिका निवासीहरूलाई पर्जापट्टा अधिकार प्राप्त हुने तथा  भारतीय जनता पार्टी-ले चिया अनि सिंकोना बगानहरूमा काम गर्ने श्रमिकहरुका  लागि उत्कृष्ट ज्याला सुनिश्चित गर्ने बताउनु भयो Iउहाले भन्नुभयो -  भारतीय जनता पार्टी क्षेत्रमा आई.आई.टी, एन.आई.टी, आई.आई.एम, ए.आई.आई.एम.एस, र केन्द्रीय विश्वविद्यालय जस्ता शीर्ष संस्थानहरू स्थापना गर्न प्रतिबद्ध छ ।

**पश्चिम बंगाल भाजपा अध्यक्ष शमिक भट्टाचार्य**

पश्चिम बंगालका भाजपा अध्यक्ष शमिक भट्टाचार्यले  राज्यको अर्थव्यवस्थालाई लिएर तृणमूल सरकारमाथि प्रहार गर्नुहुदै राज्यमा शक्ति परिवर्तनको आह्वान गर्नुभएको छ I  सामाजिक सञ्जाल प्लेटफर्म 'एक्स' मा आफ्नो पोस्टमा उहाले दाबी गर्दै भन्नुभएको छ - सरकारी रिपोर्टले बंगालको अर्थव्यवस्थाको वास्तविक नक्सा  बाहिर ल्याइरहेको छ।

**मौसम**

पश्चिम बंगालको मौसममा  फेरि परिवर्तन हुने भएको छ । मौसम विभागले शुक्रबारदेखि राज्यमा मेघगर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ । दक्षिण बंगालका धेरै जिल्लाहरूमा कालबैसाखीसँगै तिब्र हावा र असिना पर्ने सम्भावना छ। मौसम विभागका अनुसार आज  र भोलि  उत्तर र दक्षिण बङ्गालमा वर्षाको सम्भावना कम रहेको छ, तर सप्ताहको अन्तसम्म मौसमको ढाँचा पूर्ण रूपमा परिवर्तन हुनेछ। यस्तो अवस्थामा मानिसहरुलाई सतर्क रहन र आवश्यक सावधानी अपनाउन सल्लाह दिइएको छ । मौसम विभागले शुक्रबार र शनिबार सबै जिल्लामा मेघ गर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ ।

****** ० ******